नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा
बागमती प्रदेश

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२(प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F

प.सं.: ०८२/८३
च.नं.: १४०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# प्रेस-नोट

प्रेस नोट नं. ११
प्रकाशन मितिः २०८२।०४।२८

मिति २०८२/०३/२४ गते रसुवागढीस्थित भोटेकोशी नदीमा आएको हिमबाढीका कारण रोजगारी, व्यवसाय र पर्यटनको लागि चीनको केरुङतर्फ गई फसेका र नेपाल आउन चाहने २०३ जना नेपाली नागरिकहरूलाई पहिलो चरणमा नेपाल सरकार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, ल्हासास्थित नेपाली महावाणिज्य दुतावास, काठमाडौं स्थित चिनीयाँ राजदुतावास, दुवै तर्फका स्थानीय प्रशासन र अन्य सरोकारवाला निकायको संयुक्त समन्वयमा मिति २०८२/०४/०७ मा सिन्धुपाल्चोकको तातोपानी नाका हुँदै नेपाल ल्याई सकिएको व्यहोरा अवगतै छ। यसै बीच केरुङमा गम्भिर बिरामी भएका एकजना नेपाली र उनका सहयोगी गरी दुई जनालाई थप उपचारका लागि दुवै देशका स्थानीय प्रशासनको समन्वयमा क्रेनमार्फत आकस्मिक उद्धार गरी रसुवागढी नाका हुँदै काठमाडौं लगिएको थियो। बाढीका कारण चीनतर्फ फसेका अन्य नागरिकहरूलाई समेत प्राथमिकताका आधारमा उद्धार गरी नेपाल फर्काउन साविकमा जस्तै दुवै देशका सरकार, स्थानीय प्रशासन र सरोकारवाला निकायको समन्वय र पहलमा तातोपानी नाका, सिन्धुपाल्चोक हुँदै सिन्धुपाल्चोक जिल्लाको स्थानीय प्रशासन र पालिकाले सहजीकरण गरी काठमाडौंसम्म पठाउने गरी आज मिति २०८२/०४/२८ गते दोस्रो चरण अन्तर्गत थप १६९ जना नेपाली नागरिकहरूलाई नेपाल फर्कने व्यवस्था मिलाएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

मितिः २०८२।०४।२८, ने.सं.११४५।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी